# स्थानीय राजपत्र

## गौरिशंकर गाउँपालिकाद्वारा प्रकाशित

| खण्ड : ७ | संख्या : ०१ | मिति : २०८१/०६/०१ |
|---|---|---|

भाग : २

## गौरिशंकर गाउँपालिका

**गौरिशंङकर गाउँपालिकामा विभिन्न पदहरुको अस्थायी / करार सेवामा पदपुर्तीको लागि संचालन गरिने परीक्षामा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी मापदण्ड, २०८१**

सम्वत् २०८१ सालको कार्यविधि संख्या : १

प्रमाणिकरण मिति :-२०८१/०५/२९

आज्ञाले
चक्र बहादुर घर्ति
प्रमुख प्रशासकीय अधिकृत

**राजपत्रमा प्रकाशित मिति :- २०८१/०६/०१**

**प्रस्तावना :**

गौरीशंकर  गाउँपालिकामा विभिन्न पदहरुमा अस्थायी तथा करार सेवामा पदपूर्तीका लागि संचालन गरिने परीक्षामा खटिने कर्मचारिहरुको सेवा सुबिधा सम्बन्धि कार्यविधि बनाउन वाछ्न्यि भएकोले गौरीशंङकर गाउँपालिकाले यो कार्यविधि बनाइ गाउँकार्यपालिकाबाट स्वीकृत गरीएको छ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस  नाम "गौरिशंङकर गाउँपालिकामा विभिन्न पदहरुको अस्थायी तथा करार सेवामा पदपुर्तिको लागि संचालन गरिने परिक्षामा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धि कार्यविधि, २०८१" रहने छ ।

(२) यो कार्यविधि गौरीशंकर गाँउपालिकाको स्थानिय राजपत्रमा प्रकाशित गरेको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

(क) पदपुर्ति समिति" भन्नाले गाउँपालिकाको स्वीकृत दरबन्दी अनुसार रिक्त पदमा अस्थायी वा करार सेवामा पदपुर्तिको लागि सेवा करारमा कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि, २०७९ बमोजिमको समिति सम्झनु पर्दछ ।

(ख) "गाउँ कार्यपालिका" भन्नाले गौरीशंङकर गाउँ कार्यपालिकालाई सम्मझनु पर्दछ ।

(ग) गाउँपालिका" भन्नाले गौरीशंङकर गाउँपालिकालाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## सेवा सुविधा सम्मबन्धि व्यवस्था

**३. परिक्षा संचालन, प्रश्नपत्र तयारी र परिक्षा केन्द्रमा खटिने कर्मचारीहरुको सेवा सुविधा व्यावस्थाः**

(१) प्रश्नपत्र तयारी र लिखित परिक्षा संचालन परिक्षा केन्द्रमा खटिने कर्मचारीहरुको सेवा सुविधा देहाय बोमोजिम हुनेछ ।

(क) प्रति विषय प्रश्नपत्र तयारी विषयगत रू. ४०००/- र बस्तुगत रु. २५००/-

(ख) केन्द्राध्यक्ष (राजपत्रांकित कर्मचारी वा सो सरह- रु. ५००/- प्रतिघण्टा

(ग) सहायक केन्द्राध्यक्ष (राजपत्रांकित तृतिय वा सो सरह वा ना.सु वा सो सरहा- रु.४००/- प्रतिघण्टा

(घ) निरीक्षक (ना.सु. वा खरिदार वा सो सरह - रु. ४००/- प्रतिघण्टा

(ङ) कार्यालय सहयोगी- रू. ३००/- प्रतिघण्टा

(च) सुक्षाकर्मी-रु. २००/- प्रतिघण्टा

(२) खण्ड (१) मा जुनसुकै कुरा लिकिएको भएता पनि कुनै कर्मचारीलाई ६ कोष वा सोभन्दा टाढाबाट आउने गरी खटाईमा भ्रमण खर्च नियमवाली, २०६४ बोमोजिम दैनिक भ्रमण भत्ता वापतको रकम उपलब्ध गराईनेछ ।

(३) लिखित परीक्षामा सफल उम्मेदवारहरुको अन्तरवार्ताको लागि भता सुविधा देहाय बमोजिम हुनेछ ।

(क) संयोजक (राजप्रत्रांकित वा सो सरह)-रु. १०००/- प्रतिसिफ्ट

(ख) सदस्य (राजप्रत्रांकित वा सो सरह)- रु. ८५० /- प्रतिसिफ्ट

(ग) विषय विज्ञ रु. ८५०/- प्रतिसिफ्ट

(घ) सहयोगी कर्मचारी (ना.सु वा खरिदार वा सो सरह रु. ५००/- प्रतिसिफ्ट

(ङ) कार्यालय सहयोगी रु. ३००/- प्रतिसिफ्ट

(च) सुरक्षाकर्मी. रु. २००/- प्रतिसिफ्ट

स्पष्टिकरणः प्रतिसिफ्ट तीन घण्टाको समयलाई बुझाउनेछ ।

(४) खण्ड (१) मा जुनसुकै कुरा लरखिएको भएता पनि यदी कुनै कर्मचारीलाई ६ कोष सो भन्दा टाढाबाट आउने गरी खटाईएमा भ्रमण खर्च नियमावली, २०६४ बोमोजिम दैनिक भ्रमण भता वापतको रकम उपलब्ध गराईनेछ ।

**४. उम्मेदवारको लिखित परिक्षाको उतर पुस्तिका जाँच गर्ने परिक्षकले प्रात गर्ने सुविधाः**

(१) पुस्तिका जांचको लागि राजपत्रवित वा सो सरहको कर्मचारिलाई खटाईनेछ ।

(२) उतर पुस्तिका जांच गर्ने परिवेक्षकले प्रति उतर पुस्तिका भए रु.५०/- र बस्तुगत भए रु.२५/- प्राप्त गर्नेछ ।

**५. पदपूर्ति समितिमा रहने पदाधिकारीहरुको सुविधाः**

(१) पदपूर्ति समितिमा रहने पदाधिकारीहरुले नियमानुसार बैठक भता बापत रकमको प्रति बैठक रू.१५००/- प्राप्त गर्नेछन् ।

(२) परिक्षा संचालन बापत भुक्तानी हुने विभिन्न भता रकममा नियमाअनुसार १५% पारीश्रमिक करकट्टी गरी भुक्तानी गरीनेछ ।

**६. यसै बोमोजिम भएको मानिनेछ**

(१) यो मापण्ड बन्नपूर्व पदपुर्ति सम्बन्धमा भएका कार्यहरु यस बोमोजिम भएको मानिने र यसै मापण्ड अनुसार सुविधा दिएको मानिनेछ ।